# जिल्ला समन्वय समितिको कार्यालय
## धनगढी, कैलाली
## ७ नं. प्रदेश, नेपाल

**विभिन्न कर दस्तुर उठाउने ठेक्का सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७४।२।२४**

यस जि.स.स.बाट आ.व. ०७४/०७५ का लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय ( आर्थिक प्रशासन) पहिलो शंसोधन नियमावली, २०६४ अनुसार लगाउन सकिने देहाय वमोजिमको कर दस्तुर रकम संकलन गर्ने ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन इच्छुक व्यक्ति/फर्म वा कम्पनिहरुबाट शिलवन्दी दर भाउपत्र र शिलवन्दी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाका सर्तहरु Tender Document खरिद गर्दा Tender Document साथ दिईने छ साथै सूचनाका तथा शर्तहरुको विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, वेभसाइड www.ddckailali.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखा र कार्यालयको फोन नं. ०९१-५२१२०७ बाट जानकारी प्राप्त गर्न सकिने छ ।

**तपशिल**

| ठेक्का नं. | कर दस्तुरको विवरण | न्यूनतम ठेक्का अंक (मू.अ. कर सहित) | टेण्डर फाराम दस्तुर | सुचनाको अवधि |
|---|---|---|---|---|
| १/०७३/०७४ | पशु चौपाया निकासी कर | ३३,५,१०००।- | ३०००।- | ३० दिन |
| २/०७३/०७४ | (अनुसुचि २३ को २ मा तोकिए वमोजिमका माल वस्तु)मा लाग्ने बेजिल्ला निकासी कर | १२०९१०००।- | ५०००।- | ३० दिन |
| ३/०७३/०७४ | भारतबाट आयात हुने माछा, आलु प्याज, (तरकारी) खसी, बोका, राँगा, सुगुर (मांसाहारी बस्तु) | ६८,०२,६००।- | ३०००।- | ३० दिन |
| ४/०७३/०७४ | मोहना नदिमा माछा मार्ने ठेक्का | १,५१,०००।- | १०००।- | १५ दिन |
| ५/०७३/०७४ | सुगरको जगर संकलन तथा निकासी कर | ३४,०००।- | १०००।- | १५ दिन |

**क) शर्तहरुः**

१. यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र जि.स..स को कार्यालय, कैलालीबाट खरिद गर्न सकिनेछ । खरिद भएका वोलपत्रहरु ३१ औ दिन अपराह्न १२:०० बजे भित्र जि.स.स.को कार्यालय कैलालीमा दर्ता गरि सक्नुपर्ने छ । त्यस्तै दरभाउ पत्रको लागि १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ । १६ औं दिन अपरान्ह १२.०० बजे भित्र जि.स.स.को कार्यालयमा दर्ता गरि सक्नुपर्ने छ । दर भाउपत्र/वोलपत्रहरु दर्ता भएको दिनको अपरान्ह १ बजे जि.स.स.को कार्यालयमा खोलिने छन् ।

२. दरभाउ पत्र/वोलपत्र दाताले खामको वाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट वुझिने गरि लेख्नु पर्नेछ ।

३. प्रत्येक ठेक्काको लागी छुट्टा छुट्टै वोलपत्र/दरभाउ पत्र फाराम खरिद गरी छुट्टा छुट्टै गरि दर्ता गर्नु पर्नेछ ।

४. वोलपत्र/दरभाउ पत्र फाराम खरिद गर्नका लागी नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिर्नु पर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक व्यक्तिले कवुल अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए आफुले कवुल गरेको अंकको १०% रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस जि.स.स.को कार्यालय, कैलालीको नाममा ने.रा. बैंक धनगढीको खाता नं. २२०४७०७-००१-०३१-५२४ मा नगदै धरौटी जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुले जारी गरेको १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

६. कवुल रकम अंक र अक्षरमा प्रष्ट गरि तोकिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । कार्यालयमा दर्ता भएका शिलवन्दी वोलपत्र र दरभाउ पत्र फिर्ता तथा शंसोधन हुने छैनन् ।

७. वोल पत्र/दरभाउ पत्र खरिद/दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट माथि उल्लेखित समयमा दाखिला गर्न सकिने छ र माथि उल्लेख भए बमोजिम नै खोलिनेछ ।

८. रित पूर्वक दाखिला भएका वोलपत्र/दरभाउ पत्रहरु मध्ये घटी वा बढी वालाको वोलपत्र/दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना शसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको वोल पत्र /दरभाउ पत्र स्वीकार्य हुने छैन।

९. कवुल गरेको रकम ठेकेदारले तीन किस्ता गरि बुझाउनु पर्ने छ । पहिलो किस्ता सम्झौता गर्दाको बखत, दोस्रो किस्ता कार्तिक मसान्त र अन्तिम किस्ता फाल्गुण मसान्त सम्म बुझाई सक्नु पर्ने छ । किस्ता वन्दिमा रकम वुझाउने ठेकेदारले पहिलो किस्ता नगदै र बाँकी दुई किस्ताको हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त वाणिज्य बैक को सम्झौता अवधि सम्म मान्य अवधी रहेको परफरमेन्स (वण्ड बैक ग्यारेन्टी ) पेश गर्नु पर्नेछ ।

१०. रु. २० लाख भन्दा माथिको ठेक्कामा ठेक्का कवोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३% मू.अ. कर रकम संकलन गर्नु पर्ने छ । संकलित मूल्य अभिबृद्धिकर जि.स.स. कैलाली मार्फत आ.रा.का.मा पठाईने छ ।

११. ठेकेदारले नेपाल सरकार तथा जि.स.स.को कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा जि.स.स.ले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. ठेकेदारले सम्झौता पत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए वमोजिमको दरमा कर संकलन गर्नु पर्नेछ । सो भन्दा वढी माल वस्तु वा फरक दर रेटमा उठाउन पाईने छैन । पट्टा पुर्जिमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरि कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१३. प्रचलित नियमानुसार कालोसुचीमा परेका र जि.स.स.लाई बुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको वोलपत्र / दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

१४. जि.स.स.ले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयको कार्यालय प्रमुख वा राजस्व शाखाको अधिकृतबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरी प्रयोग गरेको रसिदबाट कुनै समस्या आई परेमा जि.स.स., कैलाली जवाफदेही हुने छैन ।

१५. नेपाल सरकार वा अदालतको आदेश/ फैसलाबाट मिनाहा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था वाहेक ठेकेदारले ठेक्का सम्झौता पछि जि.स.स.लाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावि गर्न पाउने छैन ।

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर संकलन गर्न पाईने छैन ।

१७. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४५, २४६, २४७ अनुसार नेपाल सरकारका सवै कार्यालयहरुले र राजनैतिक दलहरुले जि.स.स.को राजस्व संकलन गर्ने कार्यमा सहयोग पुर्‍याउनु पर्नेछ ।

१८. ठेकेदारले जि.वि.स.को राजस्व संकलन गर्न बस्ने स्थानमा दर रेट सहितको सूचना पाटी टाँस गर्नु पर्ने छ र राजस्व संकलन गर्ने कर्मचारिलाई परिचय पत्र लगाई मात्र संकलन कार्य गराउनु पर्ने छ ।

१९. यस सुचनामा उल्लेख भएका ठेक्काका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानीनेछन् साथै यस सूचनामा उल्लेख भएका विषय यसै सूचना बमोजिम हुनेछन् र यस सूचनामा उल्लेख नभएको विषय बस्तुको हकमा प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

स्थानीय विकास अधिकारी